# मिथिला विहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तारापट्टी,धनुषा

२ नं प्रदेश ,नेपाल

प.स :०७५/०७६

च.नं. ९५६

मितिः: २०७५।०६।१९गते

विषय :- सूचना ।

यस कार्यालयका लागि चालु आ.व. २०७५/०७६ मा आवश्यक पर्ने निम्नानुसारका मालसामान तथा सेवाहरु खरिद गर्नु पर्ने भएकोले स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम मौजुदा सूचीमा सुचिकृत हुन ईच्छुक आपुर्तिकर्ता वा फर्मले आर्थिक वर्ष २०७४/०७५ को लागि मान्य भएको ईजाजतपत्र वा व्यवसायीक संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. तथा मू.अ. करमा दर्ता एवं नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि सहित आफुले आपुर्ति गर्न सक्ने देहायको सामान वा सेवाहरुको विवरण समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा सुचि दर्ताको लागि आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**मौजुदा सुचीमा दर्ता गर्ने समुहहरु :-**

१. स्टेशनरी तथ कार्यायलय सामानहरको आपुर्ति ।
२. छपाई कार्य तथा छपाई सामग्री गर्ने कार्यहरु ।
३. फर्निचर तथा फर्निसिङका सामानहरु आपुर्ति गर्ने कार्यहरु ।
४. निर्माण कार्य, निर्माण सामग्री तथा निर्माण औजार आपुर्ति गर्ने कार्यहरु ।
५. औषधी तथा स्वास्थ्य संग सम्वन्धित समानहरु आपुर्ति गर्ने कार्यहरु ।
६. कृषि जन्य समाग्रीहरु आपुर्ति गर्ने कार्यहरु ।
७. सर्वेक्षण कार्य तथा प्राविधिक परामर्श सेवा ।
८. मेशिनहरु मर्मत तथा पार्टपुर्जा आपुर्ति ।
९. विधुत तथा विधुतिय सामग्रीहरु आपुर्ति गर्ने कार्यहरु ।
१०. कम्प्यूटर जन्य सामग्रीहरु आपुर्ति गर्ने कार्यहरु ।
११. Net working सामग्रीहरु आपुर्ति गर्ने कार्यहरु।
१२. सवारी साधन सामग्रीहरु आपुर्ति गर्ने कार्यहरु ।
१३. सेवा परार्मश गर्ने कार्यहरु ।
१४. अफिस प्रयोजनको सामानहरु आपुर्ति गर्ने कार्यहरु ।

अन्य आवश्यक कुरा बुझ्नु पर्ने भएमा कार्यालयको समयमा फोन नं.९८०४८९३५५० वा http://mithilabiharimun.gov.np/ वा कार्यालयमा आई सम्पर्क गर्नु हुन ।

रंजित कुमार यादव

प्रमुख प्रशासकिय अधिकृत